राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २८ २०८२ साउन ३१ गते शनिवार (16 Aug. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

## आत्मनिर्भर अर्थतन्त्रको विकासबाट मात्र देशलाई समृद्ध बनाउन सकिन्छ : प्रचण्ड



दैनिक समाचारदाता

भक्तपुर ३० साउन। नेकपा ( माओवादी केन्द्र) का अध्यक्ष एवं पुर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने प्रक्रियाबाट मात्र देशलाई समृद्ध बनाउन सकिने बताउनुभएको छ।

आज भक्तपुरमा आयोजित चाँगुनारायण सिटी एभोकाडो अभियान समापन तथा अभियन्ता सम्मान कार्यक्रममा बोल्दै अध्यक्ष प्रचण्डले मौलिक नमुना सहितको आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्र अपरिहार्य रहेको बताउनुभयो। उहाँले स्थानीय स्तरबाटै आफ्नो वस्तुस्थिति बुझेर योजना बनाई भएका सम्भावनाहरूको अधिकतम सदुपयोग गरे मात्र देश आत्मनिर्भर बन्ने बाटोमा लाग्ने बताउनुभयो। विदेशीको नक्कल गर्ने प्रवृत्ति दुर्भाग्यपूर्ण रहेको बताउँदै उहाँले आफ्नै देशमा रोजगारी सृजना गर्नेतिर सबैले आ-आफ्नो ठाउँबाट पहल र प्रोत्साहित गर्नुपर्ने बताउनुभयो।

सबै जुटे देश आत्मनिर्भर हुन समय लाग्दैन भन्दै प्रचण्डले देशमा मौलिक अर्थतन्त्रको मोडल विकास गर्नुको साटो विदेश जाने र नक्कल गर्ने प्रचलन बढेकोमा चिन्ता ब्यक्त गर्नुभयो।

नेपालको संस्कृति ,भाषा र देशप्रति गर्व गर्ने मानसिकताको विकास नै आजको चुनौतीका रूपमा रहेको अध्यक्ष प्रचण्डको भनाई छ।

देशभित्रै प्राकृतिक स्रोत साधन,कृषि,पर्यटन,ऊर्जा लगायतका क्षेत्रमा अथाह सम्भावना छ भन्दै उहाँले हाम्रो इतिहास र जाती प्रति गर्व गर्दै देश विकासमा लाग्नुपर्ने बताउनुभयो।

सकारात्मक सोचका साथ रचनात्मक काम अघि बढाउन सकिएमा देशमै रोजगार सृजना भई उत्पादकत्व वृद्धि हुने र विदेश जाने संस्कृतिलाई निरुत्साहित गर्न सकिने उहाँले बताउनुभयो।

नागरिकको केही हिस्सा आफ्नै देशमा केही गर्ने सोचका साथ विभिन्न गतिविधिमा सक्रिय भएको देखेको बताउँदै अध्यक्ष प्रचण्डले नयाँ नेपाल निर्माणका लागि सबैले त्यसलाई प्रोत्साहित गर्नुपर्नेमा जोड दिनुभयो।

देशमा रहेको प्राकृतिक स्रोत,सीप,श्रम, साधन र गौरवशाली इतिहासको जगमा उभिएर नेपालमा संसारलाई देखाउने गरी मौलिक विकासको मोडलको मार्गचित्र कोर्दै विद्यमान सम्भावनाको उजार गर्न सक्नुपर्ने प्रचण्डको भनाइ छ।

कार्यक्रममा बागमती प्रदेशका स्वास्थ्यमन्त्री किरण थापा,चाँगुनारायण नगरपालिकाका पूर्व प्रमुख,सोम मिश्र, सिटी एभोकाडो अभियानका अभियन्ता तथा माओवादी केन्द्रका नेता डिपी ढकाल ,अभियानका चाँगुनारायण संयोजक नरेश खड्का लगायतले एभोकाडो अभियानबारे चर्चा गर्नुभयो।

## प्रधानमन्त्री ओलीद्वारा जनकपुरमा भवन उद्‌घाटन, महोत्तरीमा सडक शिलान्यास





दैनिक समाचारदाता

जनकपुरधाम, ३० साउन। प्रधानमन्त्री केपी शर्मा ओलीले शुक्रबार मधेश प्रदेशको राजधानी जनकपुरधामस्थित मधेश प्रदेश प्रहरी प्रशासनिक भवनको एक विशेष समारोहबीच उद्घाटन गर्नुभयो। करिब २५ करोड रुपैयाँ लागतमा निर्धारित समयभन्दा अगावै सम्पन्न भएको भवनले आगामी दिनमा अपराध अनुसन्धान, नियन्त्रण र शान्ति-सुरक्षा कायम राख्न सहजता प्रदान गर्ने विश्वास उहाँले व्यक्त गर्नुभयो।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले राष्ट्रसेवक सुरक्षाकर्मीले दलीय स्वार्थभन्दा माथि उठेर छिटो छरितो सेवा प्रवाह गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले मधेश प्रदेशमा फैलिँदो लागूऔषध दुरुपयोगप्रति गम्भीर चिन्ता व्यक्त गर्दै यसलाई रोकथामका लागि कडा कदम चाल्न सुरक्षा निकायलाई निर्देशन दिनुभयो। साथै, सुख्खा-खडेरीको मार खेपिरहेका जिल्लामा छिटो सिंचाइ र खानेपानी आपूर्ति सहज बनाउन पनि सम्बन्धित निकायलाई आह्वान गर्नुभयो। राजस्व संकलनमा आएको कमीप्रति असन्तुष्टि जनाउँदै उहाँले तत्काल समाधानका लागि प्रभावकारी कदम चाल्न निर्देशन दिनुभयो।

सो अवसरमा मधेश प्रदेशका मुख्यमन्त्री सतीश कुमार सिंहले सुनकोशी-मरिन डाइभर्सन परियोजना तत्काल सञ्चालनमा ल्याउन प्रधानमन्त्रीलाई आग्रह गर्नुभयो। कार्यक्रममा नेकपा एमाले नेतृ जुली कुमारी महतो, प्रतिनिधि सभा सदस्य प्रतीक्षा तिवारी, प्रहरी महानिरीक्षक दीपक थापा, मधेश सरकारका गृह, सञ्चार तथा कानून मन्त्री रामकुमार लेखी, मधेश प्रदेश प्रहरी प्रमुख उमाप्रसाद चतुर्वेदीलगायतको उपस्थिति थियो।

यसअघि प्रधानमन्त्री ओलीले महोत्तरीको सोनमा गाउँपालिका-३ रघुनाथपुरमा स्थानीय सडक सुधार कार्यक्रमअन्तर्गत रघुनाथपुर-तराहरी-सुन्दरपुर खण्डको कालोपत्रे सडक निर्माण कार्यको शिलान्यास गर्नुभयो। करिब ८.३८४ किलोमिटर लम्बाइको हुलाकी सडक खण्ड १ करोड रुपैयाँ लागतमा निर्माण हुनेछ। विश्व बैंकको ऋण सहयोग र मधेश प्रदेश सरकारको साझेदारीमा बन्ने यस सडक परियोजनाको कुल बजेट ३४ करोड ६९ लाख रुपैयाँभन्दा बढी छ र २०८३ चैत ११ गतेभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ। स्थानीय बासिन्दाले सडक निर्माणपछि आवत-जावत सहज हुने, सदरमुकामसम्मको दूरी छोटिने र कृषिजन्य वस्तुको ढुवानीमा सहजता हुने विश्वास व्यक्त गरेका छन्।

साउन महिनामा प्रधानमन्त्री ओलीको यो महोत्तरीको दोस्रो भ्रमण हो। यसअघि उहाँ साउन ९ गते मटिहानीमा बिग्ही नदीको पुल, प्रसूति गृह र रौजामा रातो नदीको पुल उद्घाटन गर्नुभएको थियो।

## प्रधानमन्त्रीलाई पत्रकारमाथि आक्रमणकारी गर्नेलाई कारबाहीको माग



दैनिक समाचारदाता

जनकपुरधाम, ३० साउन। नेपाल पत्रकार महासंघ मधेस प्रदेश समिति र नेपाल पत्रकार महासंघ धनुषा शाखाले आज प्रधानमन्त्री केपी शर्मा ओलीलाई संयुक्त रूपमा ज्ञापनपत्र बुझाएका छन्। गत साउन २७ गते नेपाल बार एसोसिएसन जनकपुरका केही वकिलहरूले पत्रकारमाथि सामूहिक आक्रमण गरी कुटपिट गरेको घटनामा संलग्नलाई तत्काल कानुनी कारबाही गर्न माग गरिएको हो।

उक्त घटनामा ६ जना पत्रकार घाइते भएका थिए। वकिलहरूको कुटपिटबाट महासंघ मधेस प्रदेशका महासचिव शैलेन्द्र क्रान्तिको खुट्टा भाँचिएको, पत्रकार अनिल कुमार निरालाको आँखा सुन्निएको, तथा पत्रकार दिवाकर राईको टाउकोमा गम्भीर चोट लागेको उल्लेख छ। त्यस्तै, उपाध्यक्ष ज्योति झा र पत्रकार बिनीता यादवलाई समेत लैङ्गिक संवेदनशीलता बेवास्ता गर्दै आपत्तिजनक व्यवहार गरिएको महासंघले आरोप लगाएको छ।


महासंघका अनुसार, जनकपुरधाममा महासंघको भवन निर्माणका लागि गुठीसँग सम्झौता गरी प्राप्त जग्गामा बार एसोसिएसन जनकपुरले बलपूर्वक अतिक्रमण गर्दै पार्किङ सञ्चालन गरेपछि विवाद सुरु भएको हो। जग्गा रक्षा गर्न पत्रकारहरूले घेरा हाल्ने प्रयास गर्दा वकिलहरूको समूहले आक्रमण गरेको दाबी गरिएको छ।

घटनापछि जिल्ला प्रहरी कार्यालय धनुषामा जाहेरी दिइए पनि अहिलेसम्म कसैमाथि कारबाही नभएको ज्ञापनपत्रमा उल्लेख छ। महासंघले आक्रमणकारीलाई कानुनी दायरमा ल्याउन र पीडित पत्रकारलाई न्याय दिलाउन प्रधानमन्त्रीको हस्तक्षेपको माग गरेको छ।

ज्ञापनपत्र बुझाएपछि प्रधानमन्त्री ओलीले आफ्नो उदघाटन भाषणमा पत्रकारमाथि आक्रमण गर्ने जोसुकै भए पनि कानुनी दायरामा ल्याउन निर्देशन दिएका छन्।

प्रधानमन्त्री ओली आज मधेस प्रदेश कार्यालयको नवनिर्मित भवन उद्घाटनका लागि जनकपुर धाम आएका थिए। यस अवसरमा महासंघका अध्यक्ष श्यामप्रसाद बन्जारा र धनुषा शाखा अध्यक्ष पुरन साहले संयुक्त रूपमा ज्ञापनपत्र बुझाएका हुन्।


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

## यो त कुनै फिल्मको कथा जस्तो

# नेपालमा नाबालिग केटीको अण्डाणु बेच्ने गम्भीर धन्दा



काठमाडौं - राजधानीमा हालै सार्वजनिक भएको एउटा घटनाले नेपालमा 'फर्टिलिटी' उद्योगभित्र लुकेको भयावह यथार्थ उजागर गरेको छ। नाबालिग केटीलाई प्रलोभन देखाएर अण्डाणु बेच्ने धन्दा चलिरहेको तथ्य सार्वजनिक भएपछि कानुनी र नैतिक सवाल चर्किएका छन्।

काठमाडौंकी २१ वर्षीया कुनसाङले कहिलेकाहीँ आफ्नी १७ वर्षीया बहिनी दोल्माको मोबाइल र सामाजिक सञ्जाल चेक गर्थिन्। केही दिनअघि दोल्माको स्न्यापच्याटमा देखिएको एउटा फोटो र इन्स्टाग्राममा आएका सन्देशहरूले उनको ध्यान खिच्यो।

*कुनसाङका अनुसार,*

"फोटोमा हातमा नसामा हालिने ड्रिपजस्तो केही देखेँ। त्यो क्षणमै शंका लागेर मैले खोजबिन सुरु गरें।"

जाँचपछिको नतिजाले उनलाई स्तब्ध बनायो– उनकी बहिनी र मिल्ने साथीलाई अण्डाणु दान गर्न फकाइएकै रहेछ।

*कसरी भयो पर्दाफास?*

कुनसाङले पत्ता लगाइन– उनकी बहिनी र साथीले एक केटीसँग 'एग डोनेशन' र 'क्लिनिक भिजिट' बारे च्याट गरिरहेका थिए। ती केटी वास्तवमा एजेन्ट थिइन्।

अनलाइन खोज्दा उनले बुझिन– नाबालिग केटीहरूलाई बिचौलियामार्फत आईभिएफ (क्ष्ल खष्तचय ँभचतषिष्शबतष्यल) क्लिनिकमा लिएर जाने र पैसा दिएर अण्डाणु बेचाउने काम भइरहेको रहेछ।

आईभिएफ विधिमा सन्तान पाउन असफल दम्पतीलाई दान गरिएको अण्डाणु र शुक्राणु प्रयोग गरिन्छ।

*पुलिससम्म पुग्यो परिवार*

दोल्मा र उनकी साथी जास्मिन दुवैलाई अण्डाणु बेच्न फकाइएको खुलासा भएपछि दुबै परिवारले उक्त एजेन्टलाई फोन गरेर कुरा गरे र तत्पश्चात प्रहरीकहाँ पुगे।

*दोल्माका पिता नर्बु (३९) भन्छन-*

"एजेन्टले उनीहरूलाई २२ वर्षका भनेर क्लिनिक लग्यो, झूटा नाम र परिचयपत्र प्रयोग गरियो। डाक्टरले हामीसँग सोधपुछ गर्न कानुनी आधार नभएको दाबी गरे।"

उनीहरू मानव अङ्ग तस्करी ब्युरो पुगे। ब्युरोका लागि पनि यो नयाँ घटना थियो।

*स्वास्थ्य र कानुन दुबैमा कमजोरी*

नेपालमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वीकृत वा स्वीकृतिको प्रतीक्षामा रहेका ५० भन्दा बढी फर्टिलिटी क्लिनिक छन्। तर, धेरै बिना अनुमति सञ्चालनमा रहेको प्रहरीको दाबी छ।



जुलाइको मध्यतिर सरकारले आईभिएफ क्लिनिकको कार्यप्रणालीबारे छानबिन सुरु गर्ने घोषणा गरेको छ।

केन्द्रीय अनुसन्धान ब्युरो (CIB) प्रमुख चन्द्र कुबर खापुङका अनुसार, बिचौलियाले हरेक अण्डाणु निकासीमा करिब ३३० अमेरिकी डलर पाउँथे, जसको सानो अंश मात्र केटीलाई दिइन्थ्यो।

"१८ वर्षमुनिका केटीको अण्डाणु अभिभावकको अनुमति बिना निकालियो। अण्डाशयमा अण्डाणु परिपक्व बनाउन १० दिनसम्म इन्जेक्सन दिइयो, त्यसपछि शल्यक्रिया गरियो। यो स्वास्थ्यका लागि गम्भीर खतरा हो," खापुङले बताए।

अस्पतालका रेकर्डमा झूटा नाम-उमेर राखिएको र केही केटीलाई पछि एजेन्ट बनाइने गरेको समेत प्रहरीले पत्ता लगाएको छ।

*कानुनी अभावको समस्या*

नेपालमा अण्डाणु वा शुक्राणु दानको लागि उमेर सीमा तोकिएको छैन। हालको मुद्दा २०१८ को बालबालिका सम्बन्धी कानुनअन्तर्गत दर्ता गरिएको छ, जसमा बच्चालाई शारीरिक क्षति पु-याएबापत ५५० डलरसम्म जरिवाना र तीन वर्षसम्म कैदको सजाय छ।



२०२० मा सार्वजनिक स्वास्थ्य नियमअनुसार आईभिएफलाई विशेष चिकित्सा सेवा घोषणा भए पनि कार्यान्वयन कमजोर छ।

काठमाण्डौस्थित परोपकार मातृत्व तथा महिला अस्पतालका निर्देशक डा. श्री प्रसाद अधिकारी भन्छन-

"अण्डाणु वा शुक्राणु दानमा के प्रक्रिया अपनाउने भन्ने स्पष्ट कानुन छैन, जसले अराजकता बढाएको छ।"

स्त्रीरोग विशेषज्ञ डा. भोला रिजालले पनि कडा कानुनी संरचना आवश्यक रहेको बताए।

*विदेशमा कस्तो छ कानुन?*

भारतमा २३-३५ वर्षका महिलाले मात्र अण्डाणु दान गर्न पाउँछन् र बिचौलियामार्फत दाता खोज्नु अपराध हो।

ब्रिटेनमा महिलाको उमेर सीमा ३६ वर्ष, पुरुषको ४६ वर्ष तोकिएको छ र दानबापत पैसा वा लाभ दिनु गैरकानुनी हो।

अमेरिकामा २१-३४ वर्षका स्वस्थ महिला मात्र उपयुक्त मानिन्छन्।

*पीडित परिवारको पीडा*

नर्बु भन्छन-

"हामीलाई यो अवस्था चाहिँदैनथ्यो। तर अरू कोही नफसून भनेर लडिरहेका छौं।"

घटनापछि परिवार तनावमा छ। श्रीमतीले पुनः रक्तचापको औषधि खान थालेकी छन्, छोरी मानसिक दबाबमा छिन्।

*कुनसाङ भन्छिन -*

"नाबालिगलाई यसमा समावेश गर्नु अति अनैतिक र घृणित अपराध हो। यो त कुनै फिल्मको कथा जस्तो लाग्छ। दोषीलाई जेल हालिनुपर्छ।"

*(पीडित र परिवारको पहिचान गोप्य राख्न नाम परिवर्तन गरिएको छ।)*

*बीबीसीका लागि कलेक्टिभ न्युजरूमद्वारा प्रकाशित*

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# सर्वसाधारणको गोप्य विवरण लिन्छन्, सुरक्षा दिँदैनन्

काठमाडौं । 'कि त वार, कि त पार, कति सहने बारम्बार ?, युवाहरू होउ अब तयार...।' गत वर्ष पुसमा प्रतिनिधिसभा सांसद ज्ञानेन्द्र शाहीले युवाहरूलाई उचाल्दै सामाजिक सञ्जालमा लेखे, 'युवा साथीहरू, तपाईंहरू कुन-कुन ठाउँबाट हुनुहुन्छ ? कृपया आफ्नो सम्पर्क नम्बर र ठेगाना यही कमेन्ट बक्स वा मेसेन्जरमा पठाइदिनुहुन अनुरोध गर्दछु । हामी तपाईंलाई फोन गर्नेछौं ।'

देशमा अत्याचारले सीमा नाघ्यो भन्दै आम मानिसको असन्तुष्टिलाई छुन बल गरेका शाहीले सामान्य डेटा प्राइभेसीको हेक्कासमेत राखेनन् । सांसदजस्तो व्यक्तिले भावनामा छिरेर हजारौं सर्वसाधारणका वैयक्तिक जानकारी लिक गराइदिए ।

उक्त पोस्टमा १० हजारभन्दा धेरै कमेन्ट गरिएका छन् । अधिकांशले आफ्ना व्यक्तिगत जानकारी छताछुल्ल पारेका छन् । फोन नम्बरदेखि ठेगाना सबै कमेन्टमै उपलब्ध गराएका छन् । यसले आम तहमा डेटा सुरक्षाबारे कत्तिको चेतना छ भन्ने स्पष्ट हुन्छ ।

शाहीको उक्त पोस्ट सेयर गरेका आईटी विद्यार्थी धीरज चापागाईंले व्यंग्य गर्दै क्याप्सनमा लेखेका छन्, लु फोन नम्बर र डेटाको खजाना !'

आफ्ना गोप्य राख्नुपर्ने सूचना बाहिरिँदा यसको दुरुपयोग साइबर स्क्यामरले कसरी गर्न सक्छन् भन्नेमा स्वयं सांसददेखि सर्वसाधारण सचेत नभएको यसले देखाउँछ । थाहा हुनेले पनि कतिसम्म हेलचेक्र्याइँ गर्छन् भन्ने प्रतिनिधि उदाहरण हो यो ।

*भोटाहिटीस्थित साइबर ब्यूरोको कार्यालय ।*

नेपाल प्रहरीको साइबर ब्युरोमा पछिल्लो समय आएका अधिकांश सूचना सामाजिक सञ्जालकै दुरुपयोगसँग सम्बन्धित बढी छन् । प्रहरीको तथ्यांकअनुसार आर्थिक वर्ष २०८१/०८२ मा मात्र १८ हजार ९२३ उजुरी साइबर ब्युरोमा दर्ता भए । आर्थिक वर्ष २०८०/०८१ मा यो संख्या १९ हजार ७३० थियो ।

यसमा सबैभन्दा धेरै (७ हजार ७२३ उजुरी) वित्तिय ठगीका छन् भने त्यसपछि अकाउन्ट ह्याक गर्ने उजुरी (३ हजार ५०३) धेरै छन् । त्यसबाहेक ह्यारेसमेन्ट/बुलिङ लगायतका शीर्षकमा पनि उजुरी दर्ता भएका छन् ।

यी उजुरीबाट कुल ११२ वटा मुद्दा दर्ता भएको प्रहरीले जनाएको छ । दर्ता भएका मुद्दा हेर्दा १९ देखि २५ वर्ष उमेर समूहका व्यक्ति धेरै (४३.२३ प्रतिशत) पीडक रहेको देखिएको छ । त्यस्तै पीडितमा २६ देखि ३५ वर्ष उमेर समूहका धेरै (३६.८१ प्रतिशत) छन् । यी सबैमा वित्तीय ठगीका उजुरी र मुद्दा सबैभन्दा धेरै छन् ।

जस्तो, बुधबारमात्र धितोपत्र बजारमा साइबर स्क्यामरको ठगीधन्दाबारे प्रहरीले सचेत गराएको विषय ले चर्चा पाएको थियो ।

प्रहरीका अनुसार स्क्यामरहरूले मोबाइल एपदेखि डेस्कटपसम्मको प्रयोगबाट सेयर लगानीकर्तालाई झुक्याउने र ठग्ने गरेको पाइएको हो । 'सेयर कारोबार गर्न सक्नुहुन्छ, पैसा कमाइन्छ, भन्दै मालवेयर सफ्टवेयर इन्स्टल गर्न लगाउने र व्यक्तिगत डाटा ह्याक गर्ने अनि बैंक खाताबाट पैसा ट्रान्सफर गरी ठग्ने गरेका उजुरीहरू आएका छन् । यसका लागि 'एपीके' उल्लेख भएको कुनै फाइल पठाउने र विन्डोज अपरेटिङ सिस्टममा 'एक्सटेन्सन डट ईएक्सई' फर्म्याटको फाइल पठाउने गरेको प्रहरीले जनाएको छ ।

सामाजिक सञ्जालमार्फत नेप्से एआई नामको एप डाउनलोड गर्न प्रेरित गरिएको थियो, जसले गरेको सेयर विश्लेषण धेरै मिल्ने भएकाले अत्यधिक नाफा कमाउन सकिने भन्दै सर्वसाधारणलाई लोभ्याइएको थियो ।

यसमा स्क्यामरले विज्ञापन बनाई, 'स्पोन्सर भएर सेयर कारोबार गर्न सक्नुहुन्छ, भिडियो अनलाइन हेर्न, अनलाइन बस्न सक्नुहुन्छ, ७ बजेदेखि बेलुका ९ बजेसम्म लाइभमा बसी सेयर कारोबारको जानकारी लिन सक्नुहुन्छ' भनेर सर्वसाधारणलाई झुक्याउने गरेको पाइएको हो ।

करिब दुई महिनाअघिको साइबर ब्युरोकै अर्को सूचना हेरौं, जसले आमजन यसबारे कतिसम्म सचेत छैन भन्ने स्पष्ट पार्छ । उक्त सूचनाले एउटा गम्भीर साइबर ठगीको घटनालाई उजागर गरेको थियो । यो सूचनाले ब्)बिभचत, त्ब्भ)बिभचत जस्ता बल्क एसएमएस सेवा प्रदायकहरूको प्रयोगकर्ताका खाताहरूमा अनधिकृत पहुँच बनाएर खल्ती र कनेक्ट आईपीएस जस्ता डिजिटल वालेटका प्रयोगकर्तालाई निशाना बनाउने फिसिङ ठगीको बढ्दो गतिविधिलाई औंल्याएको थियो ।

साइबर ब्युरोका अनुसार अपराधीहरूले बल्क एसएमएस सेवा प्रदायकहरूको खातामा अनधिकृत पहुँच बनाएर हजारौं प्रयोगकर्तालाई एकैचोटि फिसिङ सन्देशहरू पठाइरहेका छन् । यस्ता सन्देशहरूमा लेखिएको हुन्छ, 'तपाईंको खाता ६ घण्टाभित्र लक हुनेछ । तुरुन्तै प्रमाणीकरण गर्नुहोस् वा 'तपाईंको कनेक्ट आईपीएस लिङ्क गरिएको खाता सुरक्षा कारणले निलम्बन गरिएको छ । पहुँच पुनः प्राप्त गर्न कृपया प्रमाणीकरण प्रक्रिया पूरा गर्नुहोस् ।'

यस्ता सन्देशसँगै पिसिङ लिङ्क पनि पठाइएको हुन्छ, जसलाई प्रयोगकर्तामा डर सिर्जना गरेर खोल्न 'म्यानिपुलेट' गरिन्छ । जब प्रयोगकर्ताले यस्ता लिङ्कमा क्लिक गर्छन्, उनीहरूलाई खल्ती वा कनेक्ट आईपीएस जस्ता प्लेटफर्महरूको हुबहु देखिने नक्कली वेब पेजमा पुऱ्याइन्छ । त्यहाँ लगइन गर्न प्रेरित गरिन्छ र युजर नेम र पासवर्ड लिएपछि साइबर अपराधीले तिनको बैंक खाता वा वालेटमा रहेको रकम अन्यत्र स्थानान्तरण गर्छन् ।

यसरी नेपालमा सामाजिक सञ्जालको बढ्दो प्रयोगसँगै साइबर अपराधका रूप पनि फरकफरक देखिन थालेका छन् । गत चैतको साइबर ब्युरोले जारी गरेको अर्को प्रेस विज्ञप्तिले सामाजिक सञ्जालको दुरुपयोगबाट हुने गम्भीर अपराधलाई उजागर गरेको थियो । यो




केसले डेटा सुरक्षा र गोपनीयताबारे जनचेतनाको कमीले कसरी व्यक्तिगत जीवनमा गम्भीर असर पार्न सक्छ भन्ने कुरा प्रष्ट पार्छ ।

साइबर ब्युरोमा परेको एक उजुरीअनुसार सामाजिक सञ्जालमार्फत चिनजान भएर प्रेम सम्बन्धमा रहेका एक युवतीले आफ्नो प्रेमीलाई पठाएको गोप्य भिडियो दुरुपयोग भयो । सम्बन्ध टुटेपछि प्रेमीको साथीले उक्त भिडियो प्रयोग गरी युवतीलाई ब्ल्याकमेल गरेको विषय बाहिर आयो । अभियुक्तले पीडितलाई पैसा माग्ने, आपत्तिजनक शब्दहरू प्रयोग गरी शारीरिक सम्बन्ध राख्न दबाब दिने र नमानेमा भिडियो सामाजिक सञ्जालमा राखेर भाइरल गरिदिने धम्की दिएका थिए ।

आफ्ना गोप्य भिडियो वा केही कुरा समाजिक सञ्जालको प्रयोगमार्फत सेयर गर्नु हुँदैन भनेर नजान्दा ती युवती फस्न पुगिन् । गलत नियत राखेका उनकै पूर्वप्रेमीले त्यसको दुरुपयोग गरे । यस्तो मानसिक तनाव र हैरानीले पीडित युवतीको जीवनमा उथलपुथल नै ल्याएको थियो ।

उजुरीपछि साइबर ब्युरोले प्राविधिक विश्लेषणसहित अनुसन्धान गर्दा अभियुक्त ललितपुर महानगरपालिका-४ बस्ने २४ वर्षीय आयुष अधिक भएको पत्ता लाग्यो । उनलाई विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गत पक्राउ गरियो ।

यी सबै घटना विवरण हेर्दा साइबर अपराधी कति अगाडि छन्, अनि हाम्रो जनचेतना कति पछाडि छ भन्ने देखाउँछ । अबको समयमा साइबर सुरक्षासम्बन्धी जनचेतना फैलाउन ढिला गर्न नहुनेमा यस क्षेत्रका जानकारहरू बताउँछन् ।

*'डेटाको मूल्य सरकार र जनताले नै बुझेनन्'*

नेपालमा डेटा सुरक्षा र गोपनीयताबारे जनचेतनाको कमीले साइबर अपराधको जोखिम निम्त्याइरहेको बताउँछन्, साइबर सुरक्षा विज्ञ डा. राजीव सुब्बा । उनी भन्छन्, 'डेटा आजको युगमा तेल र सुनजस्तै मूल्यवान छ, तर हाम्रो समाज, सरकार, र नीति निर्माताले यसको महत्व बुझेकै छैनन् ।'

उनका अनुसार नेपाली संस्कारमा जन्ममिति, फोन नम्बर, परिवारको विवरण वा बैंक खातासँग जोडिएका जानकारी खुलेआम साझा गर्ने बानीले साइबर अपराधीलाई ब्ल्याकमेलिङ, ह्याकिङ र पहिचान चोरीको अवसर दिन्छ । त्यस्ता गोप्य सूचना बाहिर आउँदा स्क्यामका लिङ्क पठाउनदेखि अन्य कुराको दुरुपयोग गर्न स्क्यामरलाई सहज हुन्छ । प्रयोगकर्ता सचेत नहुँदा त्यस्ता स्क्यामबाट फस्ने सम्भावना अत्यधिक रहन्छ ।

'तपाईंको जन्ममिति सामाजिक सञ्जालमा किन राख्ने ? आफू कहाँ छु ? कस्तो अवस्थामा छु ? किन भन्ने ? फोन नम्बरदेखि इमेल जसले माग्छ उसलाई सजिलै किन दिने ? यस्ता डेटा अपराधीहरूले बैंक खाता ह्याक गर्न वा ब्ल्याकमेलिङमा प्रयोग गर्छन्,' उनले सचेत गराए ।

नेपालमा डेटा संरक्षणको बलियो कानुनी संरचना र कार्यान्वयनको अभावले जोखिम झन् थपिएको सुब्बाको विश्लेषण छ । उनका अनुसार पसल, अनलाइन प्लेटफर्म, विभिन्न संस्था वा सरकारी निकायले अनेक इभेन्टको नाममा सर्वसाधारणको जानकारी मनलाग्दी संकलन गर्छन् । तर त्यसको सुरक्षा कसरी गरिन्छ भनेर सूचना लिने र दिने दुवैले चासो लिएका हुँदैनन् । यी व्यक्तिगत सूचना चुहावट हुँदा व्यक्तिगत स्तरमा ब्ल्याकमेलिङ र मानसिक तनावदेखि संस्थागत स्तरमा बैंक ह्याकसम्मका खतरा निम्त्याउँछन् । त्यसैले आमनागरिकलाई पनि आफ्नो डेटा गोप्य राख्न सिकाउनुपर्नेमा उनको जोड छ ।

चेतावनी दिँदै सुब्बा भन्छन्, 'जबसम्म व्यक्तिले डेटाको महत्व बुझ्दैनन् र सरकारले पनि बलियो सुरक्षा नीति बनाउँदैन, साइबर अपराधले सताइरहन्छ ।'

*कानुन कडा बनाउन खोज्ने, जनचेतनामा काम नगर्ने*

डिजिटल राइट्स नेपालका कार्यकारी निर्देशक तथा अधिवक्ता सन्तोष सिग्देल सरकारले कानुन कडा बनाउन खोज्ने तर जनचेतना फैलाउन गर्नुपर्ने काम नगर्ने प्रवृत्ति झन् डरलाग्दो भएको बताउँछन् ।

डेटा प्राइभेसीलाई सरकारले नै गम्भीर रूपमा नलिँदा झन् समस्या देखिएको बताउँदै उनी भन्छन्, 'हाम्रो समाजमा डिजिटल साक्षरता न्यून छ । सरकारले पनि डेटा संरक्षणलाई प्राथमिकता दिएको छैन । यो गम्भीर त्रुटि, लापरबाही र बेवास्ताको मूल्य सिंगो समाजले चुकाउनुपर्ने जोखिम छ ।'

मानिसले जन्ममिति, फोन नम्बर र नागरिकताको विवरण जस्ता संवेदनशील जानकारी सामाजिक सञ्जालमा राख्छन् । सांसद साहीको पोस्टमा आएका प्रतिक्रियाले पनि यो प्रवृत्ति छर्लङ्ग पार्छ । यसरी आएका डेटाको दुरुपयोग गरेर स्क्यामरले सर्वसाधारणलाई जालमा पार्ने गरेको सिग्देलले बताए ।

कानुनी संरचनाको अभावले समस्या जटिल बनेको उनको भनाइ छ । 'डेटा संकलन हुन्छ, संरक्षणको कानुन छैन । डिपार्टमेन्टल स्टोरहरूले 'मेम्बरसिप'को नाममा ग्राहकको फोन नम्बर, क्रेडिट कार्ड विवरण संकलन गर्छन्, तर त्यसको प्रयोग, भण्डारण, र सुरक्षाको प्रोटोकल छैन । यस्तो डेटा गलत व्यक्तिको हातमा परेमा ठूलो नोक्सानी हुनसक्छ,' उनी भन्छन् ।

जोखिम व्यक्तिगत र संस्थागत दुवै स्तरमा भएको सिग्देल बताउँछन् । 'इमेल वा फोन नम्बर जस्ता डिजिटल पहिचान दुरूपयोग हुँदा वालेट, बैंक खाता, वा सामाजिक सञ्जालमा अनधिकृत पहुँच हुनसक्छ । उदाहरणका लागि, हालैको नेप्से एआई फिसिङ घटनाले इमेल लिङ्कमार्फत खाता रित्याइयो,' उनी भन्छन्, 'यस्तो सोसियल इन्जिनियरिङले मानिसलाई लोभ्याएर जानकारी लिन्छ र ट्र्यापमा पार्छ ।'

यस्ता कुराबाट जोगिन पहिलो, डेटा संरक्षणलाई प्राथमिकता दिने चेतना आवश्यक छ । दोस्रो, बलियो कानुन चाहिन्छ । तेस्रो, स्थानीय सरकार, नागरिक समाज र मिडियासँग सहकार्य गरेर डिजिटल साक्षरता बढाउनुपर्छ । चौथो, डेटा सुरक्षित राख्ने पूर्वाधारमा लगानी आवश्यक छ । र, पाँचौं प्रयोगकर्ताले पनि संवेदनशील जानकारी साझा नगर्ने, छुट्टै आधिकारिक इमेल र नम्बर प्रयोग गर्ने र संदिग्ध लिङ्कमा क्लिक नगर्ने बानी बसाल्नुपर्ने सिग्देलको सुझाव छ ।

*'कलेजदेखि पसलसम्मले डेटा लिए, सुरक्षा दिएनन्'*

साइबर मामलाका जानकार चिरञ्जीवी अधिकारी नेपालमा कलेजदेखि पसलसम्मले सर्वसाधारणको डेटा लिए पनि सुरक्षामा ध्यान नदिँदा जोखिम बढेको बताउँछन् । डेटा गोपनीयताप्रति चरम लापरबाहीले साइबर अपराधको जोखिम बढाएको उनको भनाइ छ ।

'तपाईं-हामी सजिलै फारम भरिदिन्छौं तर यसको सुरक्षा कसरी हुन्छ भनेर सोध्दैनौं । लिनेले पनि यसरी जोगाइन्छ भनेर भन्दैन, ग्यारेन्टी गर्दैन । यसरी डिजिटल साक्षरताको कमी र नियमनको अभावले व्यक्तिगत डेटा असुरक्षित छ,' उनले भने ।

अधिकारीका अनुसार डेटा लिकका घटनाहरू पछिल्लो समय त सामान्यजस्तै बनिसकेका छन् । जस्तैः कलेजहरूले प्लस टु रिजल्ट डेटाबेस बिना नियमन म्यासेज र इमेलमा प्रयोग गर्छन् । बैंकहरूमा केवाईसी फारम भर्ने इन्टर्नहरूले डेटा लिक गरेको पाइन्छ । टेलिकम कर्मचारीले ग्राहकको फोन नम्बर दुरुपयोग गरी राति अनुचित म्यासेज पठाएका पनि देखिन्छन् ।

यसरी लापरबाही हुँदा फिसिङ, ब्ल्याकमेलिङ र वित्तीय ठगी निम्त्याउँछ । उनका अनुसार सर्वसाधारणसम्म स्क्यामरले सहजै पहुँच पुर्याउँछ । त्यस्तै, सामाजिक सञ्जालमा 'फिलिङ एलोन' लेख्दा अपराधीले अवसर देख्छन् । नक्कली कल र म्यासेजमार्फत आएको ओटीपी सेयर गर्दा खाता रित्याउन सक्छ ।

'त्यसैले नागरिकता, पासपोर्ट जस्ता जानकारी साझा नगर्ने, फेसबुकमा 'ओन्ली मी वा प्राइभेसी' सेटिङ प्रयोग गर्ने, शंकास्पद लिंक/कलबाट सजग रहने, बलियो पासवर्ड राख्ने गर्नुपर्छ,' अधिकारीले भने, 'सरकारले डेटा संरक्षण नीति कार्यान्वयन गर्नुपर्छ । विश्वविद्यालय, निजी क्षेत्र र स्थानीय तहले पनि अनुसन्धान र सचेतनामा लगानी गर्नुपर्छ । अन्यथा, साइबर अपराधले हामीलाई सताइरहन्छ ।'

*साभार: अनलाइनखबरडटकमबाट*

# ‘भारतसँगको सम्बन्धबाट नेपालले लाभ लिन सक्नुपर्छ’

काठमाडौँ, ३० साउन । नेपालले छिमेकी मुलुक भारतसँगको सम्बन्धबाट लाभ लिन सक्नुपर्नेमा जोड दिइएको छ ।

भारतको ७९औँ स्वतन्त्रता दिवसको अवसरमा नेपाल भारतमैत्री समाजले आज यहाँ आयोजना गरेको कार्यक्रमका वक्ताहरुले दुई देशबीचको घनिष्ठ सम्बन्धलाई आपसी हित र पारस्परिक लाभको रुपमा विकसित गर्नुपर्नेमा जोड दिए । भारतको आर्थिक समृद्धि, सूचना र प्रविधिको क्षेत्रमा गरेको प्रगतिबाट नेपालले फाइदा लिएर तीव्र विकासको दिशामा अघि बढ्नुपर्ने वक्ताहरुको भनाइ छ ।

पूर्वउपराष्ट्रपति परमानन्द झाले नेपाल र भारतबीचको अभूतपूर्व सम्बन्धलाई पारस्परिक लाभको रुपमा उपयोग गर्न सक्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, “नेपाल र भारतबीचको सम्बन्ध विश्वकै अनुपम छ । खुला सिमाना, भाषा, भेषभूषा, संस्कृति, रहनसन आदि कारणले दुई देशको सम्बन्धको बहुआयामिक महत्व छ । त्यसैले आर्थिक प्रगतिका हिसाबले विश्वको तेस्रो मुलुक भारतको प्रगतिबाट नेपाल लाभान्वित हुन सक्नुपर्दछ ।”

नेपाली कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महतले नेपाल र भारतबीच अन्योन्याश्रित सम्बन्धलाई थप बलियो बनाउनुपर्ने बताउनुभयो । “दुई देशबीचको भौगोलिक र सांस्कृतिक सम्बन्धलाई पारस्परिक हित र स्वार्थलाई केन्द्रमा राखेर सम्बन्धलाई बलियो बनाउनुपर्छ । केही समस्या छ भने पनि त्यसलाई चरणबद्ध समाधान गर्दै आर्थिक सम्बन्धलाई विस्तार गर्नुपर्छ”, उहाँले भन्नुभयो ।

जनता समाजवादी पार्टी नेपाल (जसपा) का अध्यक्ष उपेन्द्र यादवले दुई देशबीचको सामाजिक, सांस्कृतिक, धार्मिक र आध्यात्मिक सम्बन्धलाई थप प्रगाढ बनाउनुपर्ने धारणा राख्नुभयो । राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता पशुपति शमशेर जबराले दुई देशबीचको सम्बन्धबाट आर्थिक समृद्धिको दिशामा लाभ लिन सक्नुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति डा स्वर्णीम वाग्लेले कृषि, ऊर्जा, पर्यटन, सूचना र प्रविधिका क्षेत्रमा भारतीय लगानी भित्र्याउने कार्यमा ध्यान दिइनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेकपा (एकीकृत समाजवादी) का नेता प्रेमबहादुर आलेले भारतको प्रगतिबाट नेपालले लाभ लिन सक्नुपर्नेमा जोड दिनुभयो ।

भारतीय दूतावासका डेपुटी चिफ अफ मिसन (डिसिएम) राकेश पाण्डेले सामाजिक र सांस्कृतिक हिसाबले दुवै देशबीचमा जनस्तरमा घनिष्ट र प्रगाढ सम्बन्ध रहेको बताउनुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वअध्यक्ष भवानी राणाले भारतसँगको कूटनीतिक सम्बन्धलाई फराकिलो बनाएर प्रविधि, पर्यटनलगायत क्षेत्रमा लगानी बढाउनुपर्ने धारणा राख्नुभयो ।

नागरिक समाजका अगुवा डा सुन्दरमणि दिक्षितले दुई देशबीचको जनता-जनताबीचको सम्बन्धलाई बलियो बनाउनुपर्ने बताउनुभयो ।

नेपाल-भारतमैत्री समाजका अध्यक्ष प्रेम लस्करीले सनातनदेखि नै नेपाल-भारतबीच भेषभूषा, धर्म, संस्कृति र नदीनालाले जोडेको बहुआयामिक सम्बन्धलाई कसैले चाहँदैमा नडगमगाउने बताउनुभयो । रासस

# सामाजिक सञ्जाल कानुनी दायरामा आउनुपर्छ : प्रधानमन्त्री



ललितपुर, ३० साउन । प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालमा सञ्चालन हुने सबै सामाजिक सञ्जाल कानुनी दायरामा आउनुपर्ने बताउनुभएको छ । आइसिटी फाउण्डेशनद्वारा आज यहाँ आयोजित ‘डिजिटल नेपाल कन्क्लेभ २०२५’ को उद्घाटनसत्रमा प्रधानमन्त्री ओलीले सबै सामाजिक सञ्जाल नेपालको प्रचलित कानुनअनुसार दर्ता हुनुपर्ने, कर तिर्नुपर्ने र अन्य दायित्वहरु पूरा गर्नुपर्ने बताउनुभएको हो । प्रधानमन्त्री ओलीले सामाजिक सञ्जाललाई कानुनी दायरामा ल्याउन यसअघि सूचना तथा सञ्चार प्रविधि मन्त्रालयलाई निर्देशन दिइसक्नुभएको छ ।

“सूचना प्रविधिसँग सम्बन्धित रहेर नेपालमा हुने सबै किसिमका कारोबार नेपाल सरकारले थाहा पाउनुपर्छ, नेपालमा सञ्चालन हुने सबै सामाजिक सञ्जालले कानुनअनुसार दायित्व पूरा गर्नुपर्छ र कर तिरेको हुनुपर्छ”, प्रधानमन्त्री ओलीले भन्नुभयो । सूचना प्रविधिका क्षेत्रको विकासका लागि सरकारले गर्ने उल्लेख गर्दै उहाँले थप्नुभयो, “सरकार जनताका लागि हो, जनताले चाहेको सूचना प्रविधिको विकास र प्रवर्धनमा सरकारले ध्यान दिन्छ, सूचना प्रविधिका क्षेत्रमा स्वदेश र विदेशमा लगानी गरेर आम्दानी गर्न सकिन्छ, तपाईंहरु आत्मविश्वासका साथ अगाडि बढ्नुस्, सरकार तपाईंको साथमा छ ।”

प्रधानमन्त्री ओलीले तीव्र रुपमा विकास भएको सूचना प्रविधिले मानिसलाई घिसारिरहेको उल्लेख गर्दै पुष्पलाल मध्यपहाडीको आफ्नो यात्राका क्रममा रुकुमको दुर्गम गाउँका बूढीआमाहरुले पनि फेसबुक चलाउन जानेको जानकारी पाउँदा खुसी लागेको स्मरण गर्नुभयो ।

उहाँले डिजिटल प्रविधि र हरित ऊर्जाका लागि नेपाल उपयुक्त गन्तव्य भएको उल्लेख गर्दै आर्टिफिसियल इन्टेलिजेन्सको भरपुर प्रयोग गरेर विकास र समृद्धिमा लाग्नुपर्नेमा जोड दिनुभयो ।

आफ्नो घोषणाबमोजिम अनलाइन माध्यमबाट गत वर्षदेखि एसइईका विद्यार्थीहरुलाई शिक्षण गराउँदा एक लाख ५० हजारभन्दा बढीले लाभ लिएर नतिजामा सुधार आएको उहाँको भनाइ थियो । उहाँले बालबालिकालाई मोबाइलबाट जोगाउँदै शिक्षा र विकासमा यसको सदुपयोग गर्नुपर्ने बताउनुभयो ।

सरकारले हालै एआई नीति पारित गरेको र सूचना प्रविधिसँग सम्बन्धित विकासलाई कसरी रुपान्तरण र परिवर्तन गर्ने भनेर ध्यान दिइएको बताउँदै उहाँले भएको विकास नदेखेर केहीले नियतवश निराशा फैलाउन खोजेको टिप्पणी गर्नुभयो ।

उहाँले अहिले सरकारले स्थिरता, सुशासन र विकासमा सूचना प्रविधिको उपयोगमा स्पष्ट रहेकाले यसमा निजी क्षेत्रलाई प्रोत्साहित गरिने बताउनुभयो ।

प्रधानमन्त्री ओलीले सरकारले सुशासन कायम गर्नका लागि पनि सूचना प्रविधिको प्रयोग आवश्यक भएको बताउनुभयो । उहाँले सूचना प्रविधिको उपयोग, विकास र मानिसको आचरणमा सुधार गरेर भ्रष्टाचार शून्यमा पुऱ्याउन सकिने धारणा राख्नुभयो । रासस

# परराष्ट्रमन्त्रीद्वारा स्वतन्त्रता दिवसको शुभकामना



दैनिक समाचारदाता

काठमाडौँ, ३० साउन । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले भारतको ७९ औँ स्वतन्त्रता दिवसको अवसरमा भारत सरकार र त्यहाँका जनताप्रति हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ ।

सामाजिक सञ्जालमा आफ्ना भारतीय समकक्षी डा एस जयशङ्करलाई उल्लेख गर्दै उहाँले नेपालले भारतसँगको आफ्नो लामो र दिगो साझेदारीलाई अधिक महत्व दिएको बताउनुभएको छ ।

“भारतको स्वतन्त्रता दिवसमा हामी भारतका जनताको समृद्धि, एकता र सद्भावको निरन्तरता चाहन्छौँ, भारत विश्वभरका देशलाई प्रेरणा दिँदै लोकतन्त्रको चम्किलो उदाहरण रहिरहोस्”, परराष्ट्रमन्त्रीले एक्समा लेख्नुभएको छ ।

# गत आवमा सरकारी खर्च १५ खर्ब आठ अर्ब

दैनिक समाचारदाता

काठमाडौँ, ३० साउन । आर्थिक वर्ष २०८१/८२ मा सरकारको रु १५ खर्ब आठ अर्ब २३ अर्ब ११ करोड बराबर कुल खर्च भएको छ । आव २०८०/८१ मा कुल रु १४ खर्ब आठ अर्ब ७६ करोड बराबर खर्च भएको थियो ।

त्यसैगरी, चालुतर्फ ८५ दशमलव ९५ प्रतिशत अर्थात् रु नौ खर्ब ८० अर्ब ३८ करोड, पुँजीगततर्फ ६३ दशमलव दुई प्रतिशत अर्थात् रु दुई खर्ब २२ अर्ब ६८ करोड खर्च भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा मन्त्रालयगत वार्षिक प्रगति समीक्षा तथा कार्यसम्पादन सम्झौता आदानप्रदान समारोहमा गरिएको प्रस्तुतिअनुसार वित्तीय व्यवस्थातर्फ ८७ दशमलव ८७ अर्थात् रु तीन खर्ब २० अर्ब चार करोड बराबर खर्च भएको छ । विसं २०८१ को असार मसान्तको तुलनामा २०८२ असार मसान्तसम्म चालुतर्फ दुई दशमलव ९४ प्रतिशत बढी खर्च भएको हो ।

यस्तै, पुँजीगततर्फ २०८१ असार मसान्तको तुलनामा २०८२ असार मसान्तमा १६ दशमलव १५ प्रतिशत बढी खर्च भएको छ । आव २०८१/८२ मा वित्तीय व्यवस्थातर्फ ८७ दशमलव १४ प्रतिशत खर्च भएको छ । वार्षिक लक्ष्यको कुल ८१ दशमलव ८७ प्रतिशत खर्च भएको देखिएको छ ।

आव २०८१/८२ मा कर राजस्व वार्षिक लक्ष्यको ८१ दशमलव ७५ प्रतिशत र गैरकर राजस्व ९५ दशमलव ४५ प्रतिशत सङ्कलन भई कुल राजस्व सङ्कलन वार्षिक लक्ष्यको ८३ दशमलव शून्य छ प्रतिशत पुगेको छ । आव २०८०/८१ मा कुल राजस्व रु १० खर्ब ३० अर्ब ३४ करोड सङ्कलन भएकामा आव २०८१/८२ मा रु ११ खर्ब ७८ अर्ब ८२ करोड सङ्कलन भएको छ । अघिल्लो वर्षको तुलनामा १४ दशमलव ४१ प्रतिशत बढी हो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले उपलब्ध गराएको विवरणअनुसार अघिल्लो वर्षको तुलनामा कर राजस्व १३ दशमलव २५ प्रतिशत र गैरकर राजस्व २८ दशमलव आठ प्रतिशतले वृद्धि भएको हो ।

आव २०८१/८२ मा कुल आयात रु १८ खर्ब चार अर्ब १२ करोड, निर्यात रु दुई खर्ब ७७ अर्ब तीन करोड बराबर भएको छ । कुल व्यापारघाटा रु १५ खर्ब २७ अर्ब नौ करोड बराबर भएको छ । अघिल्लो वर्षको तुलनामा आयात १३ दशमलव तीन प्रतिशत र निर्यात ८१ दशमलव आठ प्रतिशतले वृद्धि भएको छ ।




अनलाइनमा समाचार पढ्नका लागि टाइप गर्नु
www.esamachardainik.com







‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४